नेपाल सरकार

वन तथा वातावरण मन्त्रालय,

# वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र

बबरमहल, काठमाडौँ ।

# सवारी साधन भाडामा लिने सम्बन्धी सिलवन्दी बोलपत्र अह्वानको सूचना

**गोरखपत्रमा प्रथम पटक प्रकाशित मितिः २०७६/०६/१७**

आ.व.२०७६/७७ को स्वीकृत कार्यक्रम सञ्चालन गर्न यस केन्द्रले सवारी साधन भाडामा लिनु पर्ने भएकोले नेपाल सरकारबाट इजाजत प्राप्त इच्छुक संस्था, कम्पनीहरूलेले यस केन्द्रको सूचना पाटी वा यस केन्द्रको website www.frtc.gov.np मा राखिए बमोजिमको शर्त भित्र रही रीतपूर्वकको सिलवन्दी बोलपत्र पेश गर्न आह्वान गरिएको छ

**शर्तहरूः**

१. यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३० औं दिनको १२ बजे सम्म सिलबन्दी बोलपत्र दर्ता गरिसक्नु पर्ने छ । चालु आ.व. को फर्म नविकरण भएको इजाजतपत्र, मूल्य अभिबृद्धि कर दर्ता प्रमाणपत्र, आ.व. २०७५/०७६ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि र सम्बन्धित पेसा वा व्यवसाय सम्बन्धी काममा कुनै सजाय नपाएको भनी लिखित रूपमा घोषणा गरेको पत्रसहित सिलवन्दी बोलपत्र फाराम भरी पेश गर्नुपर्नेछ ।

२. रीतपूर्वकको सिलवन्दी बोलपत्र फाराम ३० औं दिनको १२ बजेभित्र दर्ता गरी सक्नुपर्ने र सोही दिनको २ बजे बोलपत्रदाताहरूको रोहवरमा वा निजहरूको प्रतिनिधिहरूको रोहवरमा वोलपत्र खोलिने छ । यदि बोलपत्रदाता वा निजको प्रतिनिधिहरू अनुपस्थित भएमा पनि बोलपत्र खोल्न कुनै वाधा पर्ने छैन । बोलपत्र खरिद गर्ने, बुझाउने र खोल्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा उक्त कार्यहरू क्रमशः सोको भोलिपल्ट हुनेछ ।

३. यस केन्द्रलाई आवश्यक पर्ने सवारी साधनको Technical Specification यस केन्द्रको सूचना पाटीमा टाँसि बोलपत्रसाथ समेत संलग्न गरिएको छ । संलग्न Technical Specification बमोजिम सेवा प्रदायक संस्था, कम्पनीले बोलपत्र फाराम भरी पेश गर्नु पर्नेछ ।

४. सिलवन्दी बोलपत्र राम्रोसँग सिल लगाएको र बोलपत्रको प्रत्येक पन्ना अध्ययन गरी भर्नुपर्ने व्यहोरा सम्पूर्ण भरी दस्तखत र छाप लगाएको हुनुपर्नेछ । सिलवन्दी फाराम यस कार्यालयबाट रू.३0००|- तिरी आर्थिक प्रशासन शाखाबाट खरिद गर्न सकिने छ ।वोलपत्रको प्रत्येक पानामा दस्तखत प्रमाणित भए नभएको रूजु गरी खरिद गर्नु पर्ने छ ।

५. सिलवन्दी बोलपसत्र साथ आफूले कबोल गरेको रकम (भ्याट बाहेक) को ३ प्रतिशतले हुन आउने रकम बराबर कम्तीमा १२० दिनको म्याद भएकमो वाणिज्य बैंकहरूको जमानतपत्र (बैंक ग्यारेण्टी) पेश गर्नु पर्ने छ ।

६. बोलपत्र फाराममा दररेट भर्दा अङ्क र अक्षर दुवैमा भर्नु पर्ने छ ।अङ्क र अक्षर फरक पर्न गएमा अक्षरमा लेखिएकोलाई मान्यता दिइने छ ।दररेट भर्दा प्रति दिन प्रति सवारी साधन(इन्धन वाहेक) कवोल अङ्क भर्नुपर्ने छ ।

७. ठेक्का सम्झौता स्वीकृत भएपछि ठेक्का सम्झौता गर्दा ठेक्का अङ्कको ५ प्रतिशतले हुन आउने रकम धरौटी खातामा जम्मा गरी वा वाणिज्य बैंकहरूको वैंक ग्यारेन्टी पेश गरी सम्झौता गर्न उपस्थित हुनपर्नेछ ।
सिलवन्दी बोलपत्र स्वीकृत गर्ने, नगर्ने सम्पूर्ण अधिकार यस केन्सद्रमा निहित रहने छ ।

८. अन्य कुरा बुझ्नु परेमा यस केन्द्रमा सम्पर्क गर्न सकिने छ ।

९. माथि उल्लेख नभएका अन्य कुराहरूको हकमा नेपाल सरकारको प्रचलित ऐन, नियमानुसार हुनेछ ।

| सि.नं. | गाडीको प्रकार | गाडी संख्या | जम्मा आवश्यक पर्ने अनुमानित दिन |
|---|---|---|---|
| १. | 4WD JEEP Type Vechile | ५ | ६१५ |

नेपाल सरकार

वन तथा वातावरण मन्त्रालय

**वन अनुसनधान तथा प्रशिक्षण केन्द्र**

बबरमहल, काठमाडौं

**सवारीसाधन भाडामा लिने सम्बन्धी सिलवन्दी बोलपत्रपत्र आह्वानको सूचना ।**

(प्रथम पटक प्रकाशित मितिः २०७६/०६/१७)

यस केन्द्रको लागि आ.व. २०७६/०७७ को स्वीकृत कार्यक्रम सञ्चालन गर्न विभिन्न जिल्लाहरूको स्थलगत भ्रमण गर्ने प्रयोजनको निमित्त तपसिल बमोजिमको सवारी साधन भाडामा लिनु पर्ने भएकोले सो सम्बन्धी सूचना यस केन्द्रको Website:www.frtc.gov.np मा राखी यस केन्द्रको सूचना पाटीमा टाँस गरिएको छ । सूचनामा उल्लेखित शर्तहरूको अधिनमा रही रितपूर्वकको सिलवन्दी बोलपत्र आह्वान गरिन्छ ।

| सि.नं. | ठेक्का नं. | सवारी साधनको किसिम | धरौटी रकम रू. | दरभाउपत्र दस्तुर |
|---|---|---|---|---|
| १. | ५/०७६/७७ | 4WD JEEP Type Vechile | १,२०,०00।- | रू.३000।-<br>(फिर्ता नहुने) |